# २२ औं नगरपरिषद्का निर्णयहरु

निर्णय नं. १, यहि २०७२ साल बैशाख १२ गते गएको विनासकारी भूकम्पले गर्दा आफ्नो जिवन गुमाउने सम्पुर्ण प्रति भावपूर्ण हार्दिक श्रन्दान्जली अर्पण गर्ने निर्णय गरियो ।

निर्णय नं. २, नेपाल सरकार सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट मिति २०७२।४।३२ मा प्राप्त बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्वन्धि मापदण्ड २०७२ तथा विद्यमान भवन निर्माण शंसोधित मापदण्ड २०६४ लाई कार्यान्वयन गर्ने निर्णय गर्दै देहाय वमोजिमका बुदाँहरु थप तथा परिमार्जन गरी लागु गर्ने निर्णय गरियो ।

१. पूरानो बस्ती -पुरानो बसोवास उपक्षेत्र, मिश्रित पुरानो बसोवास उपक्षेत्र स्मारक र संरक्षण उपक्षेत्रमा रहेको पुरानो गल्ली बाटो, चोक सागलहरुको मापदण्ड यथावत राख्ने । (बाटो चौडा गर्ने संभावना नभएकोले)
२. प्रस्तावित बाटो (GLD) नभएमा ५०मी. भन्दा वढी लम्बाई भएकागोरेटो बाटो मा ४ मी. चौडा हुनेगरी Right of Way कायम गर्ने र सेटव्याक १.५ मी. कायम गर्ने ।
३. सेटव्याक न्यूनम १.५ मी. कायम गर्ने ।
४. पुरानो वस्ती तथा सम्पदा क्षेत्रमाभएको २०३८ सालको नापी नक्शालाई नै पुरानो वस्ती मानी २०३८ को नापीनक्शा अनुसार भवन मापदण्ड २०६४ (शंसोधन) लागू गर्ने ।
५. गोरेटो बाटो भएको ठाउँमा न्यूनतम सडक ४ मी. कायम गर्ने ।

निर्णय नं. ३, नेपाल सरकार सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट मिति २०७२।४।३२ मा प्राप्त बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्वन्धि मापदण्ड २०७२ तथा विद्यमान भवन निर्माण शंसोधित मापदण्ड २०६४ लाई कार्यान्वयन गर्ने शिलशिलामा मौजुदा शहरी विकास महाशाखाको नीतिमा देहायका बुँदाहरु थप गर्ने निर्णय गरियो ।

१. प्राविधिकबाट सुपरभिजन गर्ने कार्य अनिवार्य गर्ने ।
२. ईजाजतप्राप्तप्राविधिकहरु (कन्सलटेन्ट) लाई कामप्रति पूर्ण जिम्मेवार गर्ने गराउने । यसका लागि समय–समयमा सहजीकरण, अनुगमन, आवश्यक अन्तरक्रिया अन्य कारवाहिहरु समेत गर्ने व्यवस्था मिलाउने ।
३. नक्शा शाखाबाट सर्जमीनको स्थलगत निरीक्षण हुंदाको अवस्थामा निर्माण भएको पाइएमा मापदण्ड अनुसार भएमा दोब्बर दस्तुर लिई प्रमुखबाट जरीवाना भै नक्शा स्वीकृत गर्ने ।
४. FAR, Ground Coverage आदि सुविधालिने प्रयोजनका लागि मंजुरीनामा बाट नक्शापास गर्दा मापदण्डमा प्रतिकुल असर पर्ने भएकोले स्थानिय स्वायतशासन ऐन २०५५ मा मंजुरीनामा लिई नक्शापास गर्न सक्ने व्यवस्थामा शंसोधन नभए सम्मकालागि पूर्ण कित्ता सहितको क्षेत्रफल मंजुरीनामा दिन सकिने र यस प्रकारको कित्ता मालपोत कार्यालय ललितपुरमा रोक्का राख्न लेखि पठाईने र रोक्का भई आएपछि मात्र नक्शा दर्ता तथा नक्शा पास सम्वन्धिकार्य अगाडि वढाउने ।
५. २०५०/११/१५ अगावै नक्शापास भएकोमा निर्माण सम्पन्न प्रमाण पत्रदिने व्यवस्था नभएको जानकारी पत्र सम्वन्धितलाई उपलव्ध गराउने ।
६. घर जग्गाभएको कित्तामा जग्गा टुक्राएर बिक्रीगर्दा सम्वन्धित वडा कार्यालयले ईन्जिनियरको प्रतिवेदन प्राप्त भएपछि प्रतिवेदनमा बिक्री गर्न खोजिएको लक्षित क्षेत्रफल कटाउँदा निर्माण भैसकेको घरको मापदण्डका सर्तहरु पूरा हुने भएमा मात्र घरबाटो सिफारिस गरि दिनु पर्ने छ । उक्त प्रतिवेदन सम्वन्धित वडा कार्यालयमा घरबाटो सिफारिसकालागि पठाइने छ । वडा कार्यालयले पनि उक्त प्राविधिक प्रतिवेदनका आधारमा मिल्ने भएमा मात्र घरबाटो सिफारिस गरि दिने पर्ने छ । तर स्विकृत नक्शाअनुसार पुरै कित्ता र खाली जग्गा बिक्रीगर्दा यस्तो सिफारिस आवश्यक पर्ने छैन । मालपोत कार्यालय ललितपुर लाई समेत यस नीति अनुसार कार्य गरी सहयोग गर्न पत्राचार गर्ने ।

७. निर्माण सम्पन्न प्रमाण पत्र माग गर्ने घर धनीले Front Elevation र अन्य सम्भाव्य Elevation को फोटो सहितको आवेदनफाराम पेश गर्नु पर्ने छ ।

८. विस्तारित वडाहरुमा Zone र GLD अंकित नक्शा तयार गर्न परामर्श दातानियुक्त गरी कार्य गर्ने वा अन्य वैकल्पीक व्यवस्थापन ( बिहान बेलुका र सार्वजनिक विदाहरु माआन्तरिक जन शक्ति परिचालन) गर्ने ।

९. मापदण्ड कार्यान्वयन समस्या समाधान समिति गठन गरी मापदण्ड कार्यान्वयनमा आईपर्ने समस्याहरु समाधान गर्दै लैजाने ।

१०. House Numbering को लागि नगरको Master Plan का साथै प्रत्येक वाडाहरुको Profile बनाउने कार्य तथा House Numbering तर्जुमा एंव कार्यान्वयन गर्ने उद्धेश्यकालागि प्रति घर न्यूनत्तम रु ५०० का दरले लिने गरी घर नंम्बर दिने योजना संचालन गर्ने । यसकालागि प्रमुख तथा कार्यकारी अधिकृत संयोजक रहेको प्राविधिक समिति गठन गरी कार्य गरिने छ। उपरोक्त नीतिहरु नवाभिने गरी भवन सहिता मापदण्ड २०६४ (शंसोधन) को कार्यान्वयन निरन्तर रहेको र रोकिएको नक्शापास सम्वन्धि कार्य २०७२/५/१५ देखि खुल्ला गर्ने ।

१२. भूकम्प सूरक्षात्मक भवन निर्माण लाई लक्ष्यगरि तालिम प्राप्त डकर्मीहरुलाई स्वीकृत कार्य विधिका आधारमा ईजाजतपत्र दिने व्यवस्था गरी भवन निर्माण कार्यमा संलग्न गराउदै लगिने ।

निर्णय नं. ४, यस ललितपुर उप महानगरपालिकाको चालु आर्थिक वर्ष २०७२/०७३ को मौजुदा वार्षिक कर दस्तुरका दररेटहरुमा नगर स्तरीय राजश्व परामर्श समितिको सिफारीस अनुसार देहायका शिर्षकहरुमा देहाय वमोजिमको कर, दस्तुर, शुल्क,थप गर्ने तथा मौजुदा दररेटमा परिमार्जन गरि मिति २०७२ साल भाद्र १५ गते दखि लागु गर्ने निर्णय गर्दै राजश्व सम्वन्धि नीतिमा देहायका बुँदाहरु थप गर्ने निर्णय गरियो ।

१) नक्सा सम्बन्धी दस्तुर

क) घर/टहराको निमार्ण सम्पन्न प्रमाण पत्र प्रदान गर्दा प्रति वर्ग फिट रू. १ (एक) कायम गरी राजश्व लिई निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्ने ।

ख) यस अघि लिदै आएको निर्माण सम्पन्न दस्तुर रू.५००/- यस पछि पनि कायमै गर्ने ।

ग) नक्सा संसोधन गर्नु परेमा प्रति वर्ग फिट रु ०।५० (रु पचास पैसा) थप दस्तुर लाग्ने छ

घ) मिति २०५० फाल्गुण १५ अगाडि नक्सा पास भै निमार्ण भएको घर, टहराको निमार्ण सम्पन्न प्रमाण पत्र आवश्यक नपर्ने भएको र यदि सोको सिफारिश आवश्यक परेमा प्रति घर रू. ५००/- लिई निर्माण सम्पन्न प्रमाण पत्र आवश्यक नपर्ने व्यहोराको सिफारिश पत्र दिइने निर्णय गरियो ।

२) सिफारिश दस्तुर

क) राष्ट्रिय गैर सरकारी संस्था दर्ता/नविकरण - रू. ३०००/-

ख) अन्तराष्ट्रिय गैर सरकारी संस्था दर्ता/नविकरण - रू. ५०००/-

३) सफाई शुल्क

२१ औं नगरपरिषद्बाट पारित व्यवसाय करमा लगाइने सफाई शुल्क परिमार्जन गर्ने सम्बन्धमा पेश भएको दररेटमा छलफल हुँदा तपशिल बमोजिम सफाई शुल्क लगाउने निर्णय गरियो ।

ललितपुर उप-महानगरपालिका व्यवसाय करमा सफाई शुल्क

| क्र.सं. | व्यवसायको किसिम | दर रेट रू. |
|---|---|---|
| १. | उपभोग्य वस्तु व्यवसायी र संस्था | |
| | खुद्रा कारोबार | ३६०/- |
| | थोक कारोबार | ७२०/- |
| २. | शैक्षिक संस्था | |
| | प्रि स्कूल देखि नि.मा.वि स्कूल | १०००/- |

| | | |
|---|---|---|
| | मा.वि. देखि विश्व विद्यालय सम्म | ३०००/- |
| ३. | **स्वास्थ्य संस्था** | |
| | नर्सिङ्गहोम, पोलिक्लिनिक | ५०००/- |
| | सरकारी निजी संस्था | ५०००/- |
| ४. | **स्वास्थ्य सेवा** | |
| | औषधि पसल | ३६०/- |
| | प्याथालोजी ल्याब क्लिनिक | १०००/- |
| ५. | **परामर्शदाता** | |
| | शैक्षिक परामर्श, इन्जिनियरिङ्ग, कानुन लगायत अन्य | ५००/- |
| ६. | **उद्योग कल कारखाना** | |
| | साना तथा मझौला | ३०००/- |
| | ठूला उद्योग | ५०००/- |
| ७. | **पर्यटन व्यवसाय** | |
| | तारे होटल | ५०००/- |
| | गेष्ट हाउस, अपार्टमेण्ट होटल, पार्टी प्यालेस | ३०००/- |
| | रेष्टुरेण्ट, होम स्टे, फाष्टफूड, क्याफे | १०००/- |
| | खाजा नास्ता पसल | ५०० |
| ८. | **वित्तिय संस्था** | |
| | सरकारी, अर्धसरकारी, निजी बैक | ३०००/- |
| | फाइनान्स | १०००/- |
| | सहकारी संस्था | ५००/- |
| ९. | **गैर सहकारी संस्था** | |
| | आइएनजिओ | २०००/- |
| | एनजिओ | १०००/- |
| १०. | **मनोरञ्जन** | |
| | सिनेमा हल | ५०००/- |
| | हाई भिजन हल | ३०००/- |

नोटः-

- उपरोक्त वर्गिकरणम समावेश नभएको अन्य व्यवसायहरुको हकमा ३०००/- सफाई शुल्क संकलन गर्न सकिनेछ ।
- उपरोक्त सफाई शुल्क व्यवसाय दर्ता संगै अनिवार्य संकलन गरिनेछ ।
- आफ्नै घर जग्गामा व्यवसाय गर्नेको हकमा घर जग्गा वा व्यवसाय करमा जुन बढी हुन्छ सोहीलाई सफाई शुल्क लगाउने । घर जग्गा करमा तिरेको कर भन्दा व्यवसाय करको सफाई शुल्क बढी भएमा घरजग्गा करमा तिरेको सफाई शुल्क घटाई व्यवसाय करमा सफाई शुल्क लगाउने ।
- व्यक्तिगत तथा व्यवसायिक संघ संस्थागत फोहर संकलन माग भै आएमा प्रति ट्रिप रू. ५०००/-

थप नीति तर्फ

क) लगनखेल स्थित तरकारी तथा फलफूल बजार, धपगाल वजारको स्तर उन्नती गर्न सार्वजनिक निजी साझेदारी ( PPP) अवधारणा अनुरुप भौतिक सुधार गर्दै लगिने छ ।

निर्णय नं. ५, यहि २०७२ साल बैशाख १२ गते गएको विनाशकारी भूकम्प र तत् पश्चातका पराकम्पनको कारणले गर्दा यस उप महानगरपालिका क्षेत्रभित्रका भूकम्पले गर्दा क्षती ग्रस्त भएको भूकम्प पिडीत नगरवासीहरुलाई

मालपोत दस्तुर छुटको लागी भूकम्प पिडीत परिचय पत्रको आधारमा सो को प्रतिलिपी राखी निवेदन दिई छुट माग्न आएमा अभिलेख जनाई नेपाल सरकारको निर्णयानुसार दुई वर्षको मालपोत दस्तुर छुट दिने निर्णय गरियो ।

निर्णय नं. ६, यहि २०७२ साल बैशाख १२ गते गएको विनाशकारी भूकम्प र तत् पश्चातका पराकम्पनको कारणले गर्दा यस उप महानगरपालिका क्षेत्रभित्रका भूकम्पले गर्दा भौतिक संरचन(घर)मा क्षती पुऱ्याएको हुँदा भूकम्पमा परि क्षती ग्रस्त भवनहरु(घर,टहरा) पूवर्वत रुपमानै पूनः निर्माणका लगि नियमानुसार लाग्ने नक्सा कर छुट दिने सम्वन्धमा बैठकमा छलफल हुँदा भूकम्प पिडीतपरिचय पत्रको प्रतिलीपी र सम्वन्धित वडाको सिफारीस सहित आएमा चालु आर्थिक वर्ष (एक वर्ष)को लागि निम्नानुसार गर्ने निर्णय गरियो ।

क) पूर्ण क्षति भएका व्यवसायीक तथा आवाशिय भवनहरुको नक्सा पास गर्दा सोहि प्रयोजनका लागि स्विकृती माग भई आएका नक्सा पास दस्तुरमा ७५ प्रतिशत छुट दिने ।

ख) आशिंक क्षति भएका लाई २५ प्रतिशत छुट दिने ।

घ) माथिल्लो तल्ला भत्किई पून निर्माणको लागि माग भई आएमा सो को लागि २५ प्रतिशत छुट दिने

ङ) भूकम्प पीडितलाई परिचयपत्रको आधारमा उपलव्ध गराउने सिफारीस दस्तुरहरुमा आ.व. २०७२।०७३ एक वर्षको छुट दिने ।

च) पूर्ण क्षति भएका घरमा सञ्चालन नभएका व्यावसायलाई व्यावसाय करमा ५० प्रतिशत छुट दिने ।

छ) पूर्ण क्षति भएका घरहरुलाई घर जग्गा कर छुट दिने ।

निर्णय नं. ७, चालु आर्थिक २०७२/०७३ को लागि २१ औं नगरपरिषदद्वारा पारित आन्तरिक आय प्रक्षेपणलाई नै कायम गर्ने निर्णय गरियो ।

निर्णय नं.८ , ललितपुर उप-महानगरपालिकाको पर्यटन सेवा शुल्क संकलन सम्बन्धी बोलपत्रको मिति २०७२/१/२२ गते बोर्डको निर्णयबाट ठेक्का स्वीकृत भै २०७२ साल वैशाख १२ गते गएको विनासकारी भूकम्प र तत् पश्चातका पराकम्पनले गर्दा वोलपत्र दातासंग संझौता हुन बाँकी नै रहेको हुँदा नगरस्तरी राजश्व परामर्श समितिको सिफारीस अनुसार बोलपत्रदातासंग मिति २०७२ आश्विन १३ गते देखि २०७५ आषाढ मसान्तका लागि स्वीकृत कबोल अंक अनुसार नै ठेक्का सम्झौता गर्ने निर्णय गरियो । साथै संझौता नहुँदाको अवधि सम्मका लागि उप महानगरपालिकाको तर्फवाटै पर्यटन शुल्क उठाउने समेत निर्णय गरियो ।

निर्णय नं. ९, यस ललितपुर उप महानगरपालिकाको नगरपरिषदवाट पारीत दररेट अनुसार लिइदै आएको घर बहाल सम्बन्धी करको विषयमा कुनै विवाद आएमा सोको समाधानको लागि सिफारिश गर्न आर्थिक प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा ललितपुर उद्योग वाणिज्य संघको प्रतिनिधि १ (एक) जना, यस कार्यालयका २ (दुई) जना शाखा अधिकृत सदस्य र राजश्व प्रशासन महाशाखाको शाखा अधिकृत सदस्य सचिव रहने गरी ५ सदस्यीय घर बहाल निर्धारण तथा मूल्याङ्कन समिति गठन गर्ने निर्यय गरियो ।

निर्णय नं. १०, मिति २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पको कारणले गर्दा नेपाल सरकारवाट संकट ग्रस्त क्षेत्र घोषण गरी पर्यटन शुल्क उठाउन नसकिएको कारणले गर्दा एक मुष्ट रकम वुझाई सकिएकोमा संझौता वामोजिमको २० दिन अवधिको रकम फिर्ता पाउँ भनि सम्वन्धित ठेकेदारवाट निवेदन प्राप्त भएको हुँदा गत आ.व. ०७१/०७२ मा दाखिला भएको वार्षिक पर्यटन सेवा शुल्क ठेक्का रकम रू. ४,८४,३०,०००/- मिति २०७२ वैशाख १२ देखि २०७२ वैशाख ३१ गते सम्म २० दिनको पर्यटन सेवा शुल्कको ठेक्का रकम रू.२६,५३,६९८/- (छब्बिस लाख त्रिपन्न हजार छ सय अठानब्बे) तत्कालिन ठेकेदार पूर्ण महर्जनलाई फिर्ता दिने निर्णय गरियो ।

निर्णय नं. ११,यस ललितपुर उप महानगरपालिका क्षत्र भित्रको आ.व. ०७३/०७४ को लागि राजश्व सम्भाव्यता अध्ययन गराई राजश्व सुधार कार्य योजना तयार गर्ने उप महानगरपालिका वोर्ड लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२, यस ललितपुरि उप महानगरपालिका क्षेत्र भित्र घर जग्गा कर मूल्याङ्कन गर्न जग्गाको दररेट आवश्यक पर्ने र सोको दररेट २०६५ साल देखि हाल सम्म एउटै दररेट कायम भएको हुँदा वैज्ञानिक ढंगले जग्गाको दररेट कायम गर्न जग्गा मूल्याङ्कन समिति गठन गर्न उप महानगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३, ललितपुर उप-महानगरपालिकाको विभिन्न स्थानमा ठेक्कामा लगाइएको पार्किङ्ग सेवा शुल्क तथा शौचालयको ठेक्का रकम विनाशकारी भूकम्पको कारणले गर्दा पूर्ण प्रभावित अवधि भित्रको मिति २०७२/४/२७ को राजश्व परामर्श सिफारिश अनुसार निम्न विवरण अनुसार जम्मा रकम रू. ३,६०,८९४/०३ छुट दिने गर्ने निर्णय गरियो ।

निर्णय नं. १४, यस ललितपुर उप महानगरपालिकाको वडा नं. २० मा रहेको नःत्वा पलेस्वाँ पुखु (कमलको फुल) रहेको खुला स्थानलाई पर्यटक बस पार्कको रुपमा व्यस्थित गरी चालु आर्थिक वर्ष देखि मासिक रु एक लाख न्यूनतम अंक कायम गरी वोलपत्र आव्हान गर्ने २१ औ नगरपरिषदको निर्णयानुसार प्रक्रिया अगाडी वढाइएकोमा २०७२ बैशाख १२ गते गएको भुकम्प र त्यस पछिको सयौं पराकम्पवाट पर्यटन क्षेत्रमा हुन गएको गम्भीर क्षती, खुला ठाउँ संरक्षण गर्नको लगि नेपाल सरकारले लिएको नीति पर्यटन व्यवसायलाई पुनर्स्थापन गरी अर्थतन्त्रलाई पूर्ववत अवस्था कायम गर्नु पर्ने अवस्था र नेपाल सरकारले काठमाण्डौं उपत्यकालाई थप एक वर्षको लागि संकट ग्रस्तक्षेत्र घोषणा गरेको अवस्था समेतलाई ध्यानमा राखी क्षती भएका पुरातात्वीक साँस्कृतिक सम्पदा पुननिर्माण भई पर्यटन क्षेत्र पूर्ववत रुपमा सामान्य अवस्थामा नआए सम्मको लागि उक्त पर्यटक बसपार्कलाई स्थानीय समुदाय मार्फत सहुलियत पूर्ण र पर्यटन मैत्री ढंगले सन्चालन गर्न मनासीव देखिएको साथै राजनैकि दलसंगको वैठकको समेतको सिफारीसको आधारमा पर्यटक बसपार्कमा पार्किङ्ग शुल्क उठाउने सम्वन्धमा आव्हान गरिएको ठेक्का रद्ध गरी स्थानीय समुदाय सँग वार्ता गरी पर्यटन बसपार्क व्यवस्थापन गर्ने भन्ने पूर्व निर्णयानुसार साविकको दररेट संसोधन गरी मासिक रु २५०००। बुझाउने गरी स्थानीय नःत्वा पलेस्वां पूखु संरक्षण समिति संग २०७३ साल आषाढ मसान्त सम्मको लागि संझौता गरिएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५, यस ललितपुर उप महानगरपालिकामा नक्सा पास विना निर्माण भएका नक्साहरु नक्सा नियमितको लागि उजुरी परी वा नगर प्रहरीवाट पेश हुन आई वा शहरी विकास महाशाखावाट कार्यवाहिका लागि प्राप्त हुनआई वा आफै नक्सा नियमित गर्न आएमा कानून महाशाखाको मौजुदा नीतिमा देहायका नीतिहरु थप गरी कार्यन्वयन गर्ने गराउने निर्णय गरियो ।

१. जे जस्तो निर्माण भएको हो सोही बमोजिमको नक्शा तोकिएको ढाँचामा ईजाजत प्राप्त प्राबिधिकले तयार गरी पूर्ण फाईल पेश गर्नु पर्नेछ ।

२. उक्त ईजाजत प्राप्त प्राबिधिकले मापदण्ड अनुसार छ /छैन स्पष्ट बिबरण पेश गर्नु पर्नेछ ।

३. नक्शा प्राप्त भएपछि १५ दिने सुचना संधियारका नाममा जारी गरिनेछ ।

४. १५ दिन भित्र संधियारबाट उजुरी परेमा कारबाही हुने र उजुरी नपरेमा स्थलगत निरिक्षणका लागि प्राबिधिक सहितको सम्बन्धित टोली खटाईनेछ ।

५. प्राप्त प्राबिधिक प्रतिवेदनका आधारमा देहाय बमोजिमको निर्णय गरिनेछ ।

- मापदण्ड र भवन निर्माण संहिता अनुरुप भएमा दोब्बर दस्तुर लिई कानुन बमोजिम जरिवाना हुन ईजलाशमा पेश गर्ने ।
- मापदण्ड मात्र अनुरुप भएको तर भवन निर्माण संहिता पूर्ण पालना नभएकोमा नक्शा नियमित हुन सक्ने तर निर्माण सम्पन्न प्रमाण पत्र सवलिकरण गरि आए पश्चात मात्र छुट्टै निर्माण सम्पन्न दिने व्यबस्था गर्ने तर नक्शा नियमित घर निर्माण भईसके पछि मात्र हुने हुंदा नक्शा नियमितलाई नै निर्माण सम्पन्न सरह मानिनेछ ।

६. परम्परागत रुपमा प्रयोग गरी आएको बाटो सार्वजनिक जग्गातर्फ रहेछ भने उक्त घरको बैकल्पिक बाटो भए सम्म सार्वजनिक जग्गाबाट बाटो देखाएर नक्शा पास नगर्ने तर साविकमा निर्माण भएको घर भुकम्पका कारणले भत्किएकोमा घर पुन: निर्माण गर्दा साविकमा चलन चल्तीमा आएको बाटोलाई नै कायम गरी नक्शा पास प्रक्रिया अगाडी बढाउने ।

उपरोक्त निति अनुसार ईजलाशबाट नियमित भै आएका मिसिलहरु नियमानुसार कागजातहरु जाँच गरी नक्शा पासको कार्य शहरी विकास महाशाखाबाट गरिने ।

निर्णय नं. १६, यस ललितपुर उप महानगरपालिकाले गत आर्थिक वर्ष २०७१/०७२ को स्विकृत वार्षिक कार्यक्रमहरु मध्ये केही कार्यक्रमहरु समयमा उपभोक्ता समितिहरु योजना संझौताका लागि सम्पर्क राख्न नआएका, केही योजनाहरु विभिन्न सरकारी कार्यालयवाट सम्पन्न भई सकेकाले त्यस्ता योजनाको सट्टामा प्रमुख तथा कार्यकारी अधिकृतज्यूवाट स्विकृत भई देहायका नयाँ योजना सन्चालन गरिएकोमा सो योजनाहरु बैठकमा पेश गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**सार्वजनिक निर्माण महाशाखावाट सन्चालीत**

**१. आन्तरिक सडक**

| सि.नं. | वडा नं | योजनाको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १३ | एकान्तकुना आदर्शटोलमा ढल निर्माण गर्ने | १,१३,१०३।५६ | |
| २ | २ | सानेपा ईन्द्रायणी नेपाली काग्रेसको कार्यालय जाने बाटोमा सोलार वत्ती जडान कार्य | १०,९७,५००।०० | |
| ४ | १७ | वाफल ग्वार्को ह्युम पाईप राखी व्लक छाप्ने | ३,६६,६१४।९७ | |
| ५ | १५ | खुमलटार शान्तिनगरमा पिच गर्ने | ५,६६,५८९।०० | |
| ६ | ४ | धोवीघाट सचेतना प्राविमा कक्षा कोठा पार्टेसन गर्ने | ३,७८,८८४।१५ | |
| ७ | १४ | नखिपोट खेल मैदानमा कम्पाउण्ड वाल निर्माण | १,४८,७४१।९६ | |
| ८ | २ | साचलमा ढल राखी व्लक छाप्ने | १,६४,७४९।६५ | |
| ९ | २ | महानगरीय प्रहरी प्रभाग सानेपा वल्खुमा किचेन, मेस तथा टवाईलेट निर्माण (शंशोधन गरिएको) | ४,८४,२७८।५९ | |
| १० | १५ | जिल्ला अदालत देखि नमूना मछिन्द्र सम्म ढल निर्माण | ७,५२,३९९।२३ | |
| ११ | ३ | ईकुहिटी धोवीघाटमा सिमेन्ट व्लक छाप्ने | ६,४९,६०६।०८ | |
| १२ | ७१ | यनामुलमा सिमेन्ट व्लक छाप्ने तथा ढुङ्गा छापेकोमा मर्मत गर्ने | २,८६,४१६।७६ | |
| १३ | १५ | खुमलटार ह्वाईट हाउस कलेजको पश्चिम तर्फ ढुङ्गा छाप्ने | ७,८८,२५३।११ | |
| १४ | ३ | शान्तिवस्तीमा ह्युम पाईप राख्ने कार्य | २,०५,२२८।७० | |
| | | **जम्मा** | **६०,०२,३६५।७६** | |

**२. जगेडा कोष**

| सि.नं. | वडा नं | योजनाको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १७ | वाफलमा ढल निर्माण | ५९,५१,५०१।६९ | |
| २ | ९ | सप्तखेल वालकुमारीमा पिच तथा साईडड्रेन निर्माण | ५२,०५,६६२।७४ | |
| ३ | १५ | नमूनावस्ती खुमलटारमा ओभरहेड टैंकी र ढल निर्माण | ५२,७३,४५८।८९ | |

| | | | | |
|---|---|---|---|---|
| ४ | २ | साचल ज्ञानदीप स्कुल देखि वाग्मती नदी जाने वाटोमा ढल निर्माण र पिच तथा व्लक छाप्ने | ५८,७७,६९६।८६ | |
| ५ | १४ | ढल्कोमार्गमा सडक कालोपत्रे गर्ने | ५७,७१,२६८।४३ | |
| ६ | १३,१४ | नख्खु करिडोरमा ढल निर्माण | ५०,५१,९८२।५४ | |
| | | जम्मा | **३,३१,३१,५७१।१५** | |
| | | | | |

४. रोडवोर्ड (बांकी)

| सि.नं. | **वडा नं** | **योजनाको विवरण** | रकम | **कैफियत** |
|---|---|---|---|---|
| १ | ६,८,१२,१७ | सिचाहिटी,मण्डपहिटी,कनिवहाल,सुन्धारा तथा हौगल तर्फका साईडडन तथा सडक मर्मत **(ठेक्का नं ०७१/०७२/१)** | ५९,९२,४४२।५७ | |
| २ | २,३,१३,२२ | ठाडोढुङ्गा,साचल,शान्तिवस्ती,मंगलवजार,शंखमुल तर्फका साईडड्रेन तथा सडक मर्मत **(ठेक्का नं ०७१/०७२/२)** | ५९,७७,६३६।३६ | |
| ३ | २२ | चाकुपाट गणेश मन्दिर चण्डीस्कुल हुदै वडा कार्यालयसम्म साईडड्रेन तथा कैचपिट मर्मत | ३,०३,३७७।१५ | |
| | | जम्मा | **१,२२,७३,४५६।०८** | |

**५. वातावरण सुधार तथा ढल निर्माण**

| सि.नं. | वडा नं | **योजनाको विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १ | ४ | पट्टिपा ईनार चोक तल मल पोखरी सम्म ढल निर्माण | १,१३,१०३।५६ | |
| २ | १४ | कान्तिराज पथ देखि विशाल चोक ढल निर्मँण | १०,९७,५००।०० | |
| ३ | १४ | रानीबुंको माथिल्लो भागमा ढल निर्माण | ३,६६,६१४।९७ | |
| ४ | २ | राजतीर्थ माथि वागमती कोरिडोरमा ढल निर्मँण | ५,६६,५८९।०० | |
| ५ | १३ | कुसुन्ती जोर खम्वा भन्दा तल सन साईनको पूर्व तर्फ ढल निर्मँण | ३,७८,८८४।१५ | |
| ६ | १५ | खुमलटार खाभ्रेमा ढल निर्मँण | १,४८,७४१।९६ | |
| ७ | ९ | देवनगरमा ढल निर्मँण | १,६४,७४९।६५ | |
| ८ | १ | डा.विनोद कुमार श्रेष्ठको घर देखि केशव न्यौपानेको घर अगाडिसम्म ढल निर्माण | ४,८४,२७८।५९ | |
| ९ | २ | वि.पि. मनमोहन पार्क अगाडि ढल निर्माण | ७,५२,३९९।२३ | |
| १० | ९ | लोंलमा ढल निर्माण | ६,४९,६०६।०८ | |
| ११ | २२ | ढकाढ अमृत हिटीमा ढल निर्माण | २,८६,४१६।७६ | |
| १२ | २ | बागमती कोरिडोर तर्फ ढल निर्माण | ७,८८,२५३।११ | |
| १३ | । | वेब स्टार पूर्व तर्फको वस्ती बालकुमारीमा ढल निर्माण | २,०५,२२८।७० | |
| १४ | २ | सानेपा रिंगरोड गौतम तण्डुकारको घर जाने वाटोमा ढल ब्लक निर्माण | ६०,०२,३६५।७६ | |
| १५ | २ | त्रिवेणी मार्ग आसपास ढल निर्मँण | १,१३,१०३।५६ | |
| १६ | | नगरका विभिन्न भागमा बर्षात अगाडि ढल सफाई गर्ने मर्मत गर्ने काम | १०,९७,५००।०० | |
| | ४ | बागडोल चौधरी ग्रुप पछाडि ढल निर्माण | ३,६६,६१४।९७ | |

**६. पार्क निर्माण तथा व्यवस्थापन**

| सि.नं. | वडा नं | योजनाको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| २ | २ | मनमोहन पार्क विस्तार | ३,००,०००।०० | |
| ३ | २ | शहिद पार्क बिस्तार | ३,००,०००।०० | |
| ४ | २ | विपि पार्क विस्तार | ३,००,०००।०० | |
| ५ | ३ | यावलाखेल पार्क निर्मँण | ३,००,०००।०० | |
| ६ | ३ | अरनिको शालिक तथा पार्क निर्माण | ३,००,०००।०० | |
| ७ | ३ | चुन देवी मन्दिर परिसर संगैको प्रर्ति जग्गाको पार्क निर्माण | ३,००,०००।०० | |
| ८ | १९ | ललित पार्क निर्मँण, ल.पु. ईटी | ५,००,०००।०० | |
| ९ | ९ | बालकुमारी स्वागत पार्क बिस्तार तथा निर्माण | ३,००,०००।०० | |
| १० | | सडक हरियाली कार्यक्रम तथा विविध पार्क निर्माण | ४,००,०००।०० | |
| | | | | |
| | | *जम्मा* | ३०,००,०००।०० | |

७. भवन निर्माण

| सि.नं. | वडा नं. | बिबरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ४ | जुद्ध बारुण यन्त्र भवन निर्माण | ३३,००,०००।०० | |
| २ | २ | ज्ञानोदय अगाडी भवन निर्माण | २५,००,०००।०० | |
| ३ | | वडा भवन निर्माण | ४०,००,०००।०० | |
| ४ | ३ | भवन निर्माण (नगरपालिका) | ४०,००,०००।०० | |
| ५ | | स्वास्थ्य भवन निर्माण | ३०,००,०००।०० | |
| | | *जम्मा* | १,६८,००,०००।०० | |

८. खानेपानी सुधार कार्यक्रम

| सि.नं. | वडा नं. | योजनाको विवरण | अनुमानित ल.ई. रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ९ | सप्तखेल खानेपानी लाईन विस्तार | २०,००,०००।०० | |
| २ | ९ | देवनगरमा खानेपानी लाईन विस्तार | २०,००,०००।०० | |
| ३ | १९ | ईटा पुखुमा पानी ट्यांकी निर्माण (अण्डर ग्राउण्ड) | १०,००,०००।०० | |
| ४ | १५ | नमुनावस्ती खुमलटारमा खानेपानी ट्यांकी निर्माण | १०,००,०००।०० | |
| | | जम्मा | ७०,००,०००।०० | |

सम्पदा संस्कृति तथा पूरातत्व संरक्षण केन्द्र तर्फका संचालन नहुने योजनाहरु

| सि.नं. | विवरण | वडा नं. | अनुमानित ल.ई. | न.पा. ले व्यहोर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | जावलाखेल स्थित ऐतिहासिक पाटीमा आँखी झ्याल र ढोका राख्ने | ४ | ६,००,००० | ५,००,००० | वडा |
| २ | ए.भि.एम चोकको सिद्धिविनायक मन्दिरको भत्केको छाना मर्मत गर्ने | ५ | १,८०,००० | १,५०,००० | वडा |
| ३ | पिलाछैं ईनार मर्मत | ७ | १,२०,००० | १,००,००० | उपभोक्ता |
| ४ | नाग स्थान मर्मत | १३ | १,२०,००० | १,००,००० | वडा |
| ५ | शोभाहिटि ढुंगेधारा मर्मत | १४ | २,४०,००० | २,००,००० | वडा |
| ६ | खुमलटारको गणेश मन्दिर बाटोमा परेकोले सार्ने | १५ | ४,८०,००० | ४,००,००० | वडा |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | खुमलटारको पुरानो कुवा मर्मत गर्ने | १५ | १,२०,००० | १,००,००० | वडा |
| ८ | लोकाकृति महाविहारको छाना मर्मत गने र रंगरोगन लगाउने | १६ | ३,६०,००० | ३,००,००० | वडा |
| ९ | सुलिम्ह नारायण मन्दिर जिर्णोद्धार | १६ | ९,६०,००० | ८,००,००० | उपभोक्ता |
| १० | बालुखा महादेव मन्दिर चोकमा ढुंगा छाप्ने | १८ | ६,००,००० | ५,००,००० | वडा |
| ११ | नरसिंह मन्दिर बुर्जा जिर्णोद्धार | १८ | ६,००,००० | ५,००,००० | क्रमागत |
| १२ | इति टोल स्थित नासंद्योमा छाना राख्ने | १९ | १,२०,००० | १,००,००० | वडा |
| १३ | ईखाछेको आलुको हितिमा बगैंचामा रिजर्भभायर निर्माण गर्ने | २२ | २,४०,००० | २,००,००० | वडा |
| १४ | पुल्चोक लामपाटी जिर्णोद्धार | ३ | १२,००,००० | १०,००,००० | क्रमागत |
| १५ | चोछे लाछीको पाटीको जिर्णोद्धार | ११ | ६,००,००० | ५,००,००० | वडा |
| १६ | टंगल मिमनाथ वहाल भित्र तेलिया ईट्टा छाप्ने | १२ | ४,८०,००० | ४,००,००० | वडा |
| १७ | छाय्वहाल स्थित भजन पाटी पुन निर्माण गर्ने | २१ | ९,००,००० | ७,५०,००० | वडा |
| १८ | मणिडोललाई सिमांकन गरी संरक्षण गर्ने कार्य | २२ | ३,६०,००० | ३,००,००० | क्रमागत |
| | **जम्मा रकम** | | ८२,८०,००० | ६९,००,००० | |

सन्चालन भएका नयाँ योजनाहरु

| सि.नं | वडा नं. | योजनाको विवरण | ल.ई. रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १८ | चार नारायण, हरि शंकर, सोह्रसुट्टे पाटीको लागि सामान राख्न टहरा वनाउने कार्य | १५,३३,८२७.२२ | |
| २ | १९ | अग्निशालाको नारायण मन्दिरमा टेका राख्ने | १,४६,८५५.०६ | |
| ३ | १९ | अग्निशालामा नारायण मन्दिरको पश्चिम पट्टी टेका राख्ने | १,४७,७०७.५० | |
| ४ | ७ | पिलाछेँ गणेश मन्दिरमा खत राख्ने कार्य | १,४६,५९२.६४ | |
| ५ | ७ | पिलाछेँ गणेश मन्दिरमा टेका राख्ने कार्य | १,३२,२७५.३७ | |
| ६ | ११ | गजेन्द्र मोक्ष नाराउण मन्दिरमा टेका राख्ने कार्य | १,४६,९७२.६४ | |
| ७ | ११ | देगु तलेजुमा दलिन राख्ने कार्य | १,४५,५०२.९१ | |
| ८ | १९ | ईखालखु नारायण मन्दिरमा टेका राख्ने कार्य | १,४८,४४२.३६ | |
| ९ | २२ | हेमापुर विहारमा टेका राख्ने कार्य | १,४९,९१२.०९ | |
| १० | १८ | कृष्ण मन्दिरमा माथिल्लो भागमा टेका राख्ने कार्य | १,४५,५०२.९१ | |

| सि.नं | वडा नं. | योजनाको विवरण | ल.ई. रकम | कैफियत |
|---|---|---|---|---|
| ११ | २२ | तापाहिति स्थित गणेश मन्दिरमा टेका राख्ने | १,१७,५७८.११ | |
| १२ | २० | नःटोल स्थित जल विनायक मन्दिरमा टेका राख्ने | १,१८,१६६.०० | |
| १३ | २२ | कुम्भेश्वर स्थित शिव मन्दिरको माथिल्लो छाना भत्काउनको लागि खत राख्ने र भत्काउने कार्य | १,४६,८१५.२५ | |
| १४ | २२ | कुम्भेश्वर शिव मन्दिरको छाना र गजुर भत्काउनको लागि खत राख्ने कार्य | १,४८,८७२.६९ | |
| १५ | २२ | ललितवर्ण महाविहारमा जस्तापाताको कार्य | ९०,८७४.०० | |
| १६ | २२ | भण्डार पाटी तुल्सीमेहर पाटी वाचनालय पाटी जलसय नारायण पाटीमा टेका राख्ने | १,४७,०२९.९९ | |
| १७ | १८ | विश्वनाथ मन्दिरमा पश्चिम तर्फ टेका राख्ने कार्य | १,४८,०३५.३३ | |
| १८ | २२ | कुम्भेश्वर महादेव मन्दिरको माथिल्लो भागमा जस्तापाताले छोप्ने कार्य | ३९,५६८.८१ | |
| १९ | १८ | विश्वनाथ मन्दिरको उत्तर तर्फ टेका राख्ने कार्य | १,४९,१४९.८३ | |
| २० | १८ | विश्वनाथ मन्दिरमा पुर्व तर्फ टेका राख्ने कार्य | १,४८,६७७.५२ | |
| २१ | १८ | भिमसेन मन्दिरमा उत्तर तर्फवाट टेका राख्ने कार्य | १,४९,४४१.०८ | |
| २२ | १८ | दरवार स्क्वायरमा फेन्सिन गर्ने कार्य | ६,७४,३५७.२५ | |
| २३ | ६ | सौगल ढुंगेधारामा पाइप लाइनको कार्य | ४,०७,०४७.९४ | |
| २५ | ७ | हरित कोलनी पाको महादेव मन्दिर मर्मत | ६७२२७.५ | |
| | | | **५३,९६,४३२.००** | |

निर्णय नं. १७, यस ललितपुर उप महानगरपालिकाको २१ औ नगरपरिषदवाट परित भएको चालु आर्थिक वर्ष २०७२/०७३ को वार्षिक कार्यक्रमहरु मध्ये स्विकृत विकाश निर्माणका कार्यहरुमा उप महानगरपालिकाको उपलव्ध साधन र श्रोतवाट भ्याए सम्म सन्चालनका लागि देहायका थप योजनाहरु संन्चालन गर्ने निर्णय गरियो । साथै देहायको सार्वजनिक निर्माण महाशाखाको नीति थप गर्ने निर्णय गरियो ।

क) **आन्तरिक सडक**

| | | |
|---|---|---|
| १ | २ | ज्ञानदिप स्कूल देखि पश्चिम हुँदै बागमती करिडोरसम्म कालो पत्रे गर्ने कार्य |
| २ | ४ | ईनार चोक पट्टिपामा पि.सि.सि. गर्ने कार्य |
| ३ | ४ | एकता टोल नख्खुमा पिच गर्ने कार्य |
| ४ | ५ | कैलाश बस्ति थसिखेलमा सडक पिच गर्ने कार्य |
| ५ | ७ | हरित कोलोनी टोलमा सडक निर्मँण गर्ने |
| ६ | ८ | खरिवोट चोक बालकुमारीमा सडक ग्रावेलगर्ने कार्य |
| ७ | ८ | पाटन सुन्धारा देखि भोलढोकासम्म पिसिसि गर्न कार्य |
| ८ | १३ | कुसुन्ती कुमार मन्दिर जाने वाटोबाट देव्रे तर्फ जाने वाटो |
| ९ | १३ | शान्ति मार्ग (अरुण नरसिं राणाको घर देखि अचला भ्त्राको घर जाने वाटो) चौडा गरी कालो पत्रे गर्ने कार्य |
| १० | १३ | आदर्श टोलमा वाटो मर्मत गरी पि.सि.सि. गर्ने कार्य । |
| ११ | १४ | मित्र टोलमा सडक कालो पत्रे गर्ने कार्य |
| १२ | १४ | ढल्को मार्ग पिच गर्ने (क्रमागत योजना) |
| १३ | १५ | हातीवन ओरालोबाट दक्षिण हुंदै धापाखेल निस्कने बाटो कालो पत्रे गर्ने कार्य |
| १४ | १६ | क्वालखुबाट भ्त्रटापोल जाने मूल सडकमा ढल सफा गरि ढुंगा छाप्ने कार्य |
| १५ | १६ | अशोक हल पछाडि बालिफलबाट न्याढल हुंदै भ्त्रटापोल निस्कने बाटो पि.सि.सि. गर्ने |
| १६ | १७ | ग्वार्को ईमाडोल जाने पुलबाट दक्षिणतर्फ हुंदै ग्वार्कोघटोल सुधार समितिको क्षेत्र भित्र |
| १७ | २२ | बुईंचा हिटी मार्गमा पि.सि.सि. गर्ने कार्य |
| १८ | २३ | हरिसिद्धि क्यान्सर अस्पतालसम्म सडक निर्माण |
| १९ | २६ | कन्चन मार्ग कालो पत्रे गर्ने कार्य |
| २० | २७ | बाफलमा सडक पिच गर्ने कार्य |
| २१ | | शान्ती नगरमा ढलान गर्ने कार्य |

ख) **वातावरण सुधार तथा ढल निर्माण**

| | | | |
|---|---|---|---|
| १ | ३ | ढल निर्माण धोविघाट | ६७८२४३।३८ |
| २ | १२, १९ | ढल निर्मँण लगनखेल | ११७८१७३।७० |
| ३ | २ | ढल निर्माण धोविघाट ओरालो | ९४४२४०।६१ |
| ४ | १३ | पञ्चेश्वर ढल निर्माण | ७०००००।०० |

| | | | |
|---|---|---|---|
| ५ | १५ | दिपावली मार्ग पश्चिम तर्फ ढल र ब्लक छाप्ने कार्य | रु। ८०००००।०० |

ग) **भवन निर्माण (आफ्नै जग्गामा)**

| | | |
|---|---|---|
| १ | ३ | पुल्चोक बिधुत प्राधिकरण संगैको एक तल्ले घर भत्काएर नयां घर निर्माण |
| २ | २० | तःढोका स्थित स्वतन्त्र शिक्षा सदन बाल विकास केन्द्र भवनमा ट्रष्ट राखि तल्ला थप्ने |
| ३ | ५ | जिल्ला बाल कल्याण समिति ललितपुरमा विविध निर्माण कार्य |

घ) **पार्क निर्माण तथा व्यवस्थापन**

| | | |
|---|---|---|
| १ | १७ | सुकुमा हिटी परिसरमा सार्वजनिक जग्गा संरक्षण गरि पार्क निर्माण गर्ने |

ङ) **जगेडा कोष**

| | | |
|---|---|---|
| १ | १३ | **स्मृतिनगरमा सडक कालो पत्रे गर्ने कार्य (जगेडा काषे अन्तर्गत )** |

च) कोट्कु खोलामा पक्कि पुल निर्माण गर्न म्याचिङ्ग फण्ड वापत रु १०,२४,०००। विनियोजन गर्ने ।

छ) नगर क्षत्र भित्रका भुस्या कुकुर नियन्त्रण तथा बन्ध्याकरण कार्यक्रम सन्चालनका लागि म्याचिङ्ग फण्ड वापत रु ५,००,०००। विनियोजन गर्ने ।

ज) वैकल्पीक उर्जाको व्यवस्थापनको लागि म्याचिङ्गफण्ड वापत रु २०,००,०००। विनियोजन गर्ने ।

**सम्पदा तर्फ**

झ) वडा नं. ९ शंखमुलधाम परिसर भित्र रहेका ऐतिहासीक, पुरातात्वीक तथा धार्मिक धरोहरहरुमा भूकम्पवाट क्षेति पऱ्याएको हुँदा सो को तत्कालीन आवश्यकता पुरा गर्नको लागि रु १०,००,०००। विनियोजन गर्ने ।

**थप नीति**

आ.व. २०७२/०७३ को लागि २१ औ नगरपरिषदवाट पारित योजनाहरु सन्चालन गर्ने सम्वन्धमा उपभोक्ता समितिवाट योजना सन्चालन गर्न मन्त्रालयवाट प्राप्त नीति निर्देशन अनुसार प्रथमीकता दिनु पर्ने भएको हुँदा उपभोक्ता समिति गठन गरी योजना सन्चालन गर्न आउनका लागि सम्वन्धित वडा समितिको कार्यालय मार्फत सूचना जारी गर्ने र उक्त सूचना जारीको मिति समाप्त भए पछि थप गरीएको योजनाहरु सन्चालनका लागि उपभोक्ता समिति गठन गरी आउन सूचना जारी गर्ने र तोकिएको समयमा उपभोक्ता समिति गठन भई आएका योजना वाहेकको अन्य योजनाहरुको हकमा उप महानगरपालिकाको श्रोत र साधनले भ्याए सम्म प्राथमीकता दिई टेण्डर प्रक्रियावाट योजना कार्यान्वयन गरिदै लगिने छ ।

निर्णय नं. १८, यस ललितपुर उप महानगरपालिकाको गत आर्थिकवर्षमा सामाजीक परिक्षण एकाउन्टटिविलीटी इनिसियटिभ प्रा.लि. ववरमहल, काठमाण्डौंको संयोजन तथा सहजिकरणमा सम्पन्न भएकोमा उक्त संस्थावाट प्रतिवेदन तयार भई प्राप्त हुन आएकोमा उक्त प्रतिवेदन वैठकमा पेश गरयो । प्रतिवेदनमा उल्लेख भएका सुझावहरु उप महानगरपालिकाको साधन र श्रोत ले भ्याए सम्म क्रमशः लागु गर्दै जाने र कमी कमजोरीहरु सुधार गर्दै जान उप महानगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १९, यस ललितपुर उप महानगरपालिकाको मौजुदा कर्मचारी दरवन्दिहरुमा देहायको दरवन्दिहरु थप गरी पारित गर्ने निर्णय गरियो ।

वरिष्ठ अधिकृत, अधिकृत स्तर आठौं प्रशासन तर्फ एक (प्रशासन)
वरिष्ठ कानून अधिकृत ,अधिकृत स्तर आठौं तर्फ एक (प्रशासन)
वरिष्ठ सिभिल इञ्जिनियर, अधिकृत स्तर आठौं एक (प्राविधिक)
वरिष्ठ अधिकृत,अधिकृत स्तर सातौ तीन (प्रशासन)
मेकानीकल इञ्जिनियर, अधिकृत स्तर छैठौं एक (प्रविधिक)
स्टक्चरल इञ्जिनियर, अधिकृत स्तर छैठौं दुई (प्राविधिक)
कानून अधिकृत अधिकृत स्तर छैठौं एक (प्रशासन)

निर्णय नं. २०, यस ललितपुर उप महानगरपालिकाको चालु आर्थिक वर्षको लागि नेपाल सरकारले तोकेको तलवीमान लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. २१, यस ललितपुर उप महानगरपालिकाको गत आर्थिक वर्ष २०७१/०७२ को नियमानुसारको अन्तिम लेखापरिक्षण गर्नको लागि लेखा परिक्षक छनौट नियुक्ति गरी लेखापरिक्षण गर्न गराउनको लागि उप महानगरपालिका वोर्ड लाई अधिकार प्रात्योजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २२, यस ललितपुर उप महानगरपालिकावाट गठित योजना जाँचपास समितिको मिति २०७१ पौष मसान्त देखि २०७२ साल आषाढ सम्म गरेको जाँचपास तथा पेश्कि फछ्र्यौट प्रतिवेदन बैठकमा पेश गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २३, यस ललितपुर उप महानगरपालिकाका ३० वटै वडाहरुमा यहि २०७२ साल वैशाख १२ गते गएको विनासकारी भूकम्पले क्षती पुऱ्याएकाहरुलाई जिल्ला प्रशासन कार्यालयवाट प्राप्त नामावली अनुसारको नगर वासीहरुलाई परिचय पत्र र राहत वितरण गर्ने कार्य भएकोमा सो कार्य गर्दा वडा समितिको कार्यालयमा खटिने वडा सचिव, दलिय प्रतिनिधी लगायतका लागि खानेपानी, चिया खाजा लगायतका शिर्षकहरुमा खर्च भएको हुँदा प्रति वडा रु ५०००। (रु पाँच हजार) को दरले विविध खर्च सवै वडा सचिवहरुलाई सोध भर्ना स्वरुप भुक्तानी दिने निर्णय गरियो

निर्णय नं. २४, यस ललितपुर उप महानगरपालिकाको गत आर्थिक वर्ष २०७१/२०७२ को अषाढ मसान्त सम्मको देहाय वमोजिमको यथार्थ आम्दानी र यथार्थ संसोधीत खर्च बैठकमा पेश गरी अनुमोदन गर्ने निर्णय गरियो ।

## ललितपूर उप महानगरपालिका कार्यालय

## आ.व. ०७१/०७२ आषाढ मसान्त सम्मको आय विवरण

| वजेट सि.नं. | आय शिर्षक | आ.व. ०७१/०७२ को संशोधित प्रस्तावित आय | आ.व. ०७१/०७२ को यथार्थ आय | आय प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | **आन्तरिक श्रोत :** | | | | |
| १ | | | | | |
| १.१ | **स्थानीय कर** | ९२,६५०,०००।०० | ९४,००७,२४८।८२ | १०१।४६ | वृद्धि |
| १.१.१. | मालपोत तथा भूमिकर | २,९५०,०००।०० | १,९५५,२७०।५६ | ६६।२८ | |
| १.१.२ | घर जग्गा कर | ६५,०००,०००।०० | ६१,८२०,८३६।४३ | ९५।११ | |
| १.१.३ | घर बहाल कर | १३,०००,०००।०० | १९,३८३,००४।६२ | १४९।१० | वृद्धि |
| १.१.४ | विटौरी कर | १००,०००।०० | ०।०० | ०।०० | |
| १.१.५ | व्यवसाय कर | १०,०००,०००।०० | ८,९८९,७०६।२१ | ८९।९० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.६ | सवारी दर्ता तथा वार्षिक सवारी कर | १,०००,०००।०० | ७५८,६१५।०० | ७५।८६ | |
| १.१.७ | सम्पत्ती कर | | ०।०० | | |
| १.१.८ | मनोरन्जन कर | १००,०००।०० | ०।०० | ०।०० | |
| १.१.९ | विज्ञापन कर | ५००,०००।०० | १,०९९,८१६।०० | २१९।९६ | वृद्धि |
| १.२ | **सेवा शुल्क** | ६२,७००,०००।०० | **७,५८२,९८२।४३** | १२।०९ | |
| १.२.१ | सवारी पार्किङ्ग शुल्क | ३,०००,०००।०० | २,२६३,७६१।८२ | ७५।४६ | |
| १.२.२ | सफाई महशुल | २,०००,०००।०० | १,५९९,९९३।६५ | ८०।०० | |
| १.२.३ | पर्यटन सेवा शुल्क | ५४,२००,०००।०० | ०।०० | ०।०० | |
| १.२.४ | सार्वजनिक सुविधा उपयोग सेवा शुल्क (शौचालय ) | ४५०,०००।०० | ४८२,७३९।६८ | १०७।२८ | वृद्धि |
| १.२.५ | सार्वजनिक संरचना मर्मत सम्भार शुल्क (सडक पिच) | | ०।०० | | |
| १.२.६ | अचल सम्पत्ती मुल्यांकन शुल्क | १,०००,०००।०० | १,१२९,८४६।३८ | ११२।९८ | वृद्धि |
| १.२.७ | स्थानीय विकास शुल्क | | ०।०० | | |
| १.२.८ | एम्बुलेन्स, शववाहन सेवा शुल्क | १००,०००।०० | ३६,५५०।०० | ३६।५५ | |
| १.२.९ | अन्य सेवा शुल्क (विद्युत, खानेपानी, घर पाताल सिफारिश तथा अन्य सेवा वापत) | ४००,०००।०० | ३५१,६०४।०० | ८७।९० | |
| १.२.१० | वारुणयन्त्र व्यवस्थापन सेवा शुल्क | १,५५०,०००।०० | १,७१८,४८६।९० | ११०।८७ | वृद्धि |
| १.३ | **दस्तुर** | ३९,०००,०००।०० | **३३,८५८,६२०।९४** | ८६।८२ | |
| १.३.१ | दर्ता नविकरण दस्तुर (निवेदन, नक्कल, मिलापत्र आदि ) | ५००,०००।०० | ४५७,५७३।०० | ९१।५१ | |
| १.३.२ | नक्सा पास दस्तुर | ३५,०००,०००।०० | २९,४०६,८७८।५८ | ८४।०२ | |
| १.३.३ | सिफारिश तथा वक्सौनी दस्तुर | ३,०००,०००।०० | ३,३७७,६०९।३६ | ११२।५९ | वृद्धि |
